नेपाल सरकार शिक्षा मन्त्रालय-
बाट स्वीकृत मिति २०६७/२/०३

सामुदायिक विद्यालयमा प्रति विद्यार्थी एकाइ लागतका आधारमा शिक्षक व्यवस्थापन अनुदान कार्यान्वयन निर्देशिका,२०६६

प्रस्तावना:

सरकारबाट अनुमति वा स्वीकृति प्राप्त गरी सञ्चालित सामुदायिक विद्यालयहरु, र मदरसा, गुम्बा/बिहार, गुरुकुल/आश्रममासमेत विद्यार्थी सङ्ख्याका आधारमा शिक्षक व्यवस्था गर्नका लागि स्रोत उपलब्ध गराई विद्यालयमा अध्ययनरत सबै बालबालिकाले समान रुपमा सिक्न पाउने अवस्था सुनिश्चित गर्ने उद्देश्यले नेपाल सरकार, शिक्षा मन्त्रालयले शिक्षा नियमावली, २०५९ को नियम - १९२ ले दिएको अधिकार प्रयोग गरी **"सामुदायिक विद्यालयमा प्रति विद्यार्थी एकाइ लागतका आधारमा शिक्षक व्यवस्थापन अनुदान कार्यान्वयन निर्देशिका २०६६"** जारी गरेको छ ।

परिच्छेद १

सङ्क्षिप्त नाम र प्रारम्भ

१ यो निर्देशिकाको नाम **"सामुदायिक विद्यालयमा प्रति विद्यार्थी एकाइ लागतका आधारमा शिक्षक व्यवस्थापन अनुदान कार्यान्वयन निर्देशिका २०६६"** रहेको छ ।

२. यो निर्देशिका तुरुन्त लागू हुनेछ ।

३. यो निर्देशिका सरकारबाट अनुमति वा स्वीकृति प्राप्त गरी सञ्चालनमा रहेका सामुदायिक विद्यालयहरु तथा मदरसा, गुम्बा, गुरुकुल/आश्रममा समेत लागू हुनेछ ।

४. विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,

४.१ **"मन्त्रालय"** भन्नाले शिक्षा मन्त्रालय सम्झनुपर्छ ।

४.२ **"विभाग"** भन्नाले शिक्षा विभाग सम्झनुपर्छ ।

४.३ **"विद्यालय"** भन्नाले सरकारबाट अनुमति वा स्वीकृति प्राप्त गरी सञ्चालित सबै तहका सामुदायिक विद्यालयहरुलाई सम्झनुपर्छ ।

स्पष्टिकरण: निर्देशिकामा उल्लेख भए बमोजिम अनुदान प्रयोजनका लागि यसले अनुमतिप्राप्त मदरसा, गुम्बा, गुरुकुल/आश्रमलाई समेत जनाउनेछ ।

४.४ **"प्रति विद्यार्थी एकाइ लागत"** भन्नाले सम्बन्धित तहको शिक्षकको शुरु तलब स्केललाई १३ महिनाले गुणा गरी आउने रकमलाई सोहि तहको यस निर्देशिकाको ६ मा दिएको भौगोलिक क्षेत्रगत रुपमा भएको विद्यार्थी सङ्ख्या (अनुपात) ले भाग गर्दा आउने रकमलाई सम्झनुपर्दछ ।

४.५ **"पूर्णकालीन शिक्षक"** भन्नाले पूरै समय विद्यालयमा पठनपाठन गरे गराए वापत अस्थायी वा करारको शर्तनामा बमोजिम पारिश्रमिक पाउने गरी विद्यालय व्यवस्थापन समितिले नियुक्ति गरेको शिक्षकलाई सम्झनुपर्छ ।

सचिव

४.६ "आंशिक शिक्षक" भन्नाले सेवा दिएको समय वा निश्चित समय (घण्टी) पठन पाठन गराए बापत विद्यालय व्यवस्थापन समितिले तोकेको पारिश्रमिक पाउने गरी विद्यालय व्यवस्थापन समितिले नियुक्ति गरेको शिक्षकलाई सम्झनुपर्छ ।

परिच्छेद २

उद्देश्य

५. यस निर्देशिकाका उद्देश्यहरु देहायबमोजिम रहेका छन् ।

५.१ विद्यालयमा दिइने अनुदानलाई विद्यार्थी सङ्ख्यामा आधारित गर्नु ।

५.२ सामाजिक न्यायका आधारमा पारदर्शी रुपमा विद्यालयलाई अनुदान वितरण गर्नु ।

५.३ विद्यालय अनुदान वितरणमा एकरुपता कायम गर्नु ।

५.४ शिक्षक दरवन्दीको अभावबाट विद्यार्थीको पठनपाठनमा पर्ने प्रभावलाई कम गर्नु ।

५.५ गुणस्तरीय शिक्षाको सुनिश्चिततामा टेवा पुऱ्याउनु ।

परिच्छेद ३

प्रति विद्यार्थी एकाइ लागत अनुदान निर्धारण गर्ने आधारहरु

६. प्रति विद्यार्थी एकाइ लागत अनुदान गणना गर्ने प्रमुख आधार विद्यालयमा भर्ना भई अध्ययनरत विद्यार्थी सङ्ख्यालाई लिइनेछ । विद्यार्थी अनुदान वितरण गर्दा उपलब्ध स्रोतको आधारमा शिक्षक विद्यार्थी अनुपात बढी भएका विद्यालयहरुलाई उपलब्ध गराइने नीति लिइनेछ । विभिन्न तहमा प्रदान गरिने शिक्षक ...अनुदान गणना गर्ने आधारहरु देहाय बमोजिम हुनेछन् ।

६.१ आधारभूतह तह अन्तर्गत कक्षा (१-५) सम्मको हकमा :

क) यस तहमा प्रति विद्यार्थी एकाइ लागत हिसाब गर्दा हिमालीक्षेत्रका विद्यालयमा ४० जना, पहाडीक्षेत्रका विद्यालयमा ४५ जना र तराई एवम् काठमाण्डौ उपत्यका क्षेत्रका विद्यालयमा ५० जना विद्यार्थी बराबर एक शिक्षक अनुपात मानिनेछ ।

ख) यस तहमा प्रति विद्यार्थी एकाई लागत हिसाब गर्दा प्राथमिक तहको तृतीय श्रेणीको शिक्षकको शुरु तलब स्केललाई लिइनेछ । उक्त तलब स्केललाई १३ महिनाले गुणा गरी आउने रकमलाई यसै निर्देशिकाको ६.१ (क) मा दिइएको सम्बन्धित भौगोलिक क्षेत्रको शिक्षक विद्यार्थी अनुपातले भाग गरी विभिन्न भौगोलिक क्षेत्रका विद्यालयका लागि प्रति विद्यार्थी एकाई लागत निकालिनेछ ।

ग) विद्यालयको यस तहमा स्वीकृत दरवन्दि र राहत अनुदान दुवैमा कार्यरत शिक्षकको जम्मा सङ्ख्याले यसै निर्देशिकाको ६.१ (क) मा दिइएको सम्बन्धित भौगोलिक क्षेत्रको शिक्षक विद्यार्थी अनुपातलाई गुणन गर्दा आउने सङ्ख्यालाई उक्त विद्यालयको हकमा शिक्षक सेवा पाइरहेको विद्यार्थी सङ्ख्या मानीनेछ । सो गुणनफलभन्दा उक्त विद्यालयमा अध्ययनरत विद्यार्थी सङ्ख्या बढि भएमा बढिभएको विद्यार्थीसङ्ख्यालाई शिक्षक सेवा पाउन बाँकी विद्यार्थी सङ्ख्या मानिनेछ ।

घ) यसै निर्देशिकाको ६.१ (ग) बमोजिमको शिक्षक सेवा पाउन बाँकी विद्यार्थी सङ्ख्यालाई ६.१ (ख) बमोजिम कायम भएको प्रति एकाई लागतले गुणन गर्दा आउने रकम विद्यालयहरुले एकमुष्ठरुपमा यस निर्देशिकाको प्रयोजन बमोजिम शिक्षक व्यवस्थापन अनुदानको लागि पाउन सक्नेछन् ।

ङ) सामान्यतया विद्यालयमा विद्यार्थी संख्या बढेमा यस किसिमको अनुदान रकम बढ्ने र विद्यार्थी संख्या घटेमा अनुदान रकम घट्ने भएकोले विद्यालयमा अध्ययनरत विद्यार्थी सङ्ख्या र यस किसिमको अनुदानको बीचमा सहसम्बन्ध सुनिश्चित गर्न विद्यालयले पाउने शिक्षक व्यवस्थापन अनुदान रकमलाई प्रत्येक वर्ष पुनरावलोकन गरी फेरबदल गरिनेछ ।

६.२ आधारभूतह तह अन्तर्गत कक्षा (६-८) सम्मको हकमा :

क) यस तहमा प्रति विद्यार्थी एकाइ लागत हिसाब गर्दा हिमालीक्षेत्रका विद्यालयमा ३० जना, पहाडीक्षेत्रका विद्यालयमा ३५ जना र तराई एवम् काठमाण्डौ उपत्यका क्षेत्रका विद्यालयमा ४० जना विद्यार्थी बराबर एक शिक्षक अनुपात मानिनेछ ।

ख) यस तहमा प्रति विद्यार्थी एकाई लागत हिसाब गर्दा निम्न माध्यमिक तहको तृतीय श्रेणीको शिक्षकको शुरु तलब स्केललाई लिइनेछ । उक्त तलब स्केललाई १३ महिनाले गुणा गरी आउने रकमलाई यसै निर्देशिकाको ६.२ (क) मा दिइएको सम्बन्धित भौगोलिक क्षेत्रको शिक्षक विद्यार्थी अनुपातले भाग गरी विभिन्न भौगोलिक क्षेत्रका विद्यालयका लागि प्रति विद्यार्थी एकाई लागत निकालिनेछ ।

ग) विद्यालयको यस तहमा स्वीकृत दरवन्दि र राहत अनुदान दुवैमा कार्यरत जम्मा शिक्षक सङ्ख्याले यसै निर्देशिकाको ६.२ (क) मा दिइएको सम्बन्धित भौगोलिक क्षेत्रको विद्यार्थी अनुपातलाई गुणन गर्दा आउने सङ्ख्यालाई उक्त विद्यालयको हकमा शिक्षक सेवा पाइरहेको विद्यार्थी सङ्ख्या मानीनेछ । सो गुणनफलभन्दा उक्त विद्यालयमा अध्ययनरत विद्यार्थी सङ्ख्या बढि भएमा बढिभएको विद्यार्थी सङ्ख्यालाई शिक्षक सेवा पाउन बाँकी विद्यार्थी सङ्ख्या मानिनेछ ।

घ) यसै निर्देशिकाको ६.२ (ग) बमोजिमको शिक्षक सेवा पाउन बाँकी विद्यार्थी सङ्ख्यालाई ६.२ (ख) बमोजिम कायम भएको प्रति एकाई लागतले गुणन गर्दा आउने रकम विद्यालयहरुले एकमुष्ठरुपमा यस निर्देशिकाको प्रयोजन बमोजिम शिक्षक व्यवस्थापन अनुदानको लागि पाउन सक्नेछन् ।

ङ) सामान्यतया विद्यालयमा विद्यार्थी संख्या बढेमा यस किसिमको अनुदान रकम बढ्ने र विद्यार्थी संख्या घटेमा अनुदान रकम घट्ने भएकोले विद्यालयमा अध्ययनरत विद्यार्थी सङ्ख्या र यस किसिमको अनुदानको बीचमा सहसम्बन्ध सुनिश्चित गर्न विद्यालयले पाउने शिक्षक व्यवस्थापन अनुदान रकमलाई प्रत्येक वर्ष पुनरावलोकन गरी फेरबदल गरिनेछ ।

६.३ माध्यमिक तह अन्तर्गत कक्षा (९-१०) सम्मको हकमा :

क) यस तहमा प्रति विद्यार्थी एकाइ लागत हिसाब गर्दा हिमालीक्षेत्रका विद्यालयमा २५ जना, पहाडीक्षेत्रका विद्यालयमा ३० जना र तराई एवम् काठमाण्डौ उपत्यका क्षेत्रका विद्यालयमा ४० जना विद्यार्थी बराबर एक शिक्षक अनुपात मानिनेछ ।

ख) यस तहमा प्रति विद्यार्थी एकाई लागत हिसाब गर्दा माध्यमिक तहको तृतीय श्रेणीको शिक्षकको शुरु तलब स्केललाई लिइनेछ । उक्त तलब स्केललाई १३ महिनाले गुणा गरी आउने रकमलाई यसै निर्देशिकाको ६.३ (क) मा दिइएको शिक्षक विद्यार्थी अनुपातले भाग गरी विभिन्न भौगोलिक क्षेत्रका विद्यालयका लागि प्रति विद्यार्थी एकाई लागत निकालिनेछ ।

ग) विद्यालयको यस तहमा स्वीकृत दरवन्दि र राहत अनुदान दुवैमा कार्यरत जम्मा शिक्षक सङ्ख्याले यसै निर्देशिकाको ६.३ (क) मा दिइएको सम्बन्धित भौगोलिक क्षेत्रको शिक्षक विद्यार्थी अनुपातलाई गुणन गर्दा आउने सङ्ख्यालाई उक्त विद्यालयको हकमा शिक्षक सेवा पाइरहेको विद्यार्थी सङ्ख्या मानीनेछ । सो गुणनफलभन्दा उक्त विद्यालयमा अध्ययनरत विद्यार्थी सङ्ख्या बढि भएमा बढिभएको विद्यार्थी सङ्ख्यालाई शिक्षक सेवा पाउन बाँकी विद्यार्थी सङ्ख्या मानिनेछ ।

घ) यसै निर्देशिकाको ६.३ (ग) बमोजिमको शिक्षक सेवा पाउन बाँकी विद्यार्थी सङ्ख्यालाई ६.३ (ख) बमोजिम कायम भएको प्रति एकाई लागतले गुणन गर्दा आउने रकम विद्यालयहरुले एकमुष्ठरुपमा यस निर्देशिकाको प्रयोजन बमोजिम शिक्षक व्यवस्थापन अनुदानको लागि पाउन सक्नेछन् ।

ङ) सामान्यतया विद्यालयमा विद्यार्थी संख्या बढेमा यस किसिमको अनुदान रकम बढ्ने र विद्यार्थी संख्या घटेमा अनुदान रकम घट्ने भएकोले विद्यालयमा अध्ययनरत विद्यार्थी सङ्ख्या र यस किसिमको अनुदानको बीचमा सहसम्बन्ध सुनिश्चित गर्न विद्यालयले पाउने अनुदान रकमलाई प्रत्येक वर्ष पुनरावलोकन गरी फेरबदल गरिनेछ ।

६.४ उच्च माध्यमिक तह अन्तर्गत कक्षा (११-१२) सम्मको हकमा :

क) यस तहमा प्रति विद्यार्थी एकाइ लागत हिसाब गर्दा हिमालीक्षेत्रका विद्यालयमा २५ जना, पहाडीक्षेत्रका विद्यालयमा ३० जना र तराई एवम् काठमाण्डौ उपत्यका क्षेत्रका विद्यालयमा ४० जना विद्यार्थी बराबर एक शिक्षक अनुपात मानिनेछ ।

ख) यस तहमा प्रति विद्यार्थी एकाई लागत हिसाब गर्दा उच्च माध्यमिक तहको शिक्षकको शुरु तलब स्केललाई लिइनेछ । उक्त तलब स्केललाई १३ महिनाले गुणा गरी आउने रकमलाई यसै निर्देशिकाको ६.४ (क) मा दिइएको विद्यार्थी सङ्ख्याले भाग गरी विभिन्न भौगोलिक क्षेत्रका विद्यालयका लागि प्रति विद्यार्थी एकाई लागत निकालिनेछ ।

ग) विद्यालयको यस तहको राहत शिक्षक व्यवस्थापन अनुदानमा कार्यरत शिक्षक सङ्ख्याले यसै निर्देशिकाको ६.४ क मा दिइएको सम्बन्धित भौगोलिक क्षेत्रको विद्यार्थी अनुपातलाई गुणन गर्दा आउने सङ्ख्यालाई उक्त विद्यालयको हकमा शिक्षक सेवा पाइरहेको विद्यार्थी सङ्ख्या मानीनेछ । सो गुणनफलभन्दा उक्त विद्यालयमा अध्ययनरत विद्यार्थी सङ्ख्या बढि भएमा बढिभएको उक्त विद्यार्थी सङ्ख्यालाई शिक्षक सेवा पाउन बाँकी विद्यार्थी सङ्ख्या मानिनेछ ।

घ) यसै निर्देशिकाको ६.४ (ग) बमोजिमको शिक्षक सेवा पाउन बाँकी विद्यार्थी सङ्ख्यालाई ६.४ (ख) बमोजिम कायम भएको प्रति एकाई लागतले गुणन गर्दा आउने रकम विद्यालयहरुले एकमुष्ठरुपमा यस निर्देशिकाको प्रयोजन बमोजिम शिक्षक व्यवस्थापन अनुदानको लागि पाउन सक्नेछन् ।

ङ) सामान्यतया विद्यालयमा विद्यार्थी संख्या बढेमा यस किसिमको अनुदान रकम बढ्ने र विद्यार्थी संख्या घटेमा अनुदान रकम घट्ने भएकोले विद्यालयमा अध्ययनरत विद्यार्थी सङ्ख्या र यस किसिमको अनुदानको बीचमा सहसम्बन्ध सुनिश्चित गर्न विद्यालयले पाउने अनुदान रकमलाई प्रत्येक वर्ष पुनरावलोकन गरी फेरबदल गरिनेछ ।

६.५ यस निर्देशिकाको प्रयोजनका लागि विद्यालयलाई शिक्षक व्यवस्थापन अनुदान प्रदान गर्न जुन शैक्षिक सत्रका लागि विद्यालयलाई उक्त अनुदान उपलब्ध गराउने हो सो भन्दा अघिल्लो शैक्षिक सत्रको अन्तमा विद्यालयले फ्यास दूईमा भरेको बार्षिक अन्तिम परीक्षामा सम्मिलित विद्यार्थी सङ्ख्या **वा** चालू शैक्षिक सत्रमा भर्ना भएको विद्यार्थी संख्यामध्ये जुन कम हुन्छ सो संख्यालाई आधार मानिनेछ ।

६.६ यसै निर्देशिकाको ६.१ देखि ६.४ सम्म उल्लेख भएका जिल्ला शिक्षा कार्यालय र क्षेत्रीय शिक्षा निर्देशनालयबाट अनुमति, स्वीकृति प्राप्त वा सम्वन्धन प्राप्त गरी अनुदान पाउने अपेक्षामा सञ्चालित विद्यालयहरुले कम्तिमा दुई शैक्षिक सत्र सन्चालन गरेको हुनुपर्नेछ । कुनै पनि विद्यालयलाई सो समय पुरा नगरिकन यस किसिमको अनुदान रकम उपलब्ध गराइनेछैन् ।

६.७ यसै निर्देशिकाको ६.१ देखि ६.४ सम्म जे सुकै लेखिएको भएता पनि शिक्षा मन्त्रालयले स्वीकृत वार्षिक कार्यक्रम र बजेटको परिधिभित्र रहि अनुदान पाउने विद्यालय तहहरुको प्राथमिकता क्रम तोकि सोहि बमेजिम शिक्षक व्यवस्थापन अनुदान विद्यालयमा निकाशा गर्न सक्नेछ ।

परिच्छेद ४

प्रति विद्यार्थी एकाइ लागत अनुदान पाउन विद्यालयले पुरा गर्नुपर्ने शर्तहरु

७. प्रति विद्यार्थी एकाई लागत अनुदान पाउनका लागि विद्यालयले देहायबमोजिमको शर्त पालना गर्नुपर्नेछ ।

७.१ विद्यालयले चालु शैक्षिक सत्र र सो भन्दा अघिल्लो शैक्षिक सत्रको तथ्याङ्क (फ्ल्यास एक र दुई) अनिवार्य रुपमा भर्नुपर्नेछ ।

७.२ विद्यालयमा विद्यालय व्यवस्थापन समिति अनिवार्य रुपमा गठन भएको हुनुपर्नेछ ।

७.३ विद्यालयको गत आ.व.भन्दा अघिल्लो आ.व.को लेखा परीक्षण (आर्थिक र सामाजिक दुवै) भएको हुनुपर्नेछ ।

७.४ विद्यालयले आफ्नो सेवा क्षेत्रभित्र रहेका विद्यालय भर्ना हुन बाँकी बालबालिकाहरु खासगरी गरिव तथा विपन्न समुदायका छात्र, छात्रा, अपाङग आदिको पहिचान गर्न घरधुरी सर्वेक्षण गरी उनीहरुलाई विद्यालयमा भर्ना गर्ने कार्ययोजनासहितको विद्यालय सुधार योजना तयार गर्नुपर्नेछ ।

७.५ विद्यालयमा भर्ना भएको बालबालिकाको कम्तीमा पनि ९० प्रतिशत नियमित उपस्थिति गराउने कार्ययोजना तयार गरी कार्यान्वयन गर्नुपर्नेछ ।

७.६ विद्यालयको अन्तिम परीक्षाको नतिजा ८० प्रतिशतमा नघट्ने गरी कायम गर्न आवश्यक कार्ययोजना तयार गरी कार्यान्वयन गर्नुपर्नेछ ।

परिच्छेद ५

विभिन्न निकायको काम, कर्तव्य र अधिकार

८. प्रति विद्यार्थी एकाइ लागत अनुदान कार्यक्रमलाई व्यवस्थित रुपले सञ्चालन गर्न देहायका निकायको काम, कर्तव्य अधिकार देहायबमोजिम हुनेछ ।

८.१ मन्त्रालय

क) स्रोत व्यवस्थापन र समन्वय गर्ने ।

ख) कार्यक्रमको प्रणालीगत रुपमा अनुगमन गर्ने र उपलब्धिको समीक्षा एवम् विश्लेषण गर्ने ।

ग) कार्यक्रममा नीतिगत सुधार र कार्यक्रमगत परिमार्जन गर्ने तथा मातहतका निकायलाई आवश्यक निर्देशन दिने ।

८.२ शिक्षा विभाग

क) प्रति विद्यार्थी एकाइ लागत अनुदान उपलब्ध गराउनुपर्ने जिल्ला र विद्यालयको विवरण अध्यावधिक राख्ने ।

ख) विद्यार्थी सङ्ख्याको विवरण अद्यावधिक गरी राख्ने ।

ग) जिल्लागत रुपमा कार्यक्रम निर्माण गरी अनुदान उपलब्ध गराउने ।

घ) उपलब्धीको अनुगमन गर्ने ।

ङ) प्रति विद्यार्थी एकाइ लागत अनुदान वितरणलाई व्यवस्थित गर्न जिल्लाहरूलाई निर्देशन दिने ।

८.३ क्षेत्रीय शिक्षा निर्देशनालय

क) प्रति विद्यार्थी एकाई लागत अनुदान नियमित र व्यवस्थित रूपले वितरण गर्न जिल्लाहरूलाई आवश्यक निर्देशन र सहयोग उपलब्ध गराउने ।

ख) शिक्षा मन्त्रालय शिक्षा विभागबाट प्राप्त निर्देशनबमोजिम विद्यालयको वास्तविक विद्यार्थी सङ्ख्याको आधारमा प्रति विद्यार्थी एकाई लागत अनुदान विद्यालयमा निकाशा गरे नगरेको अनुगमन गरी सो को प्रतिवेदन शिक्षा विभागमा पेश गर्ने ।

ग) यस सम्बन्धमा पर्न आएका उजुरीहरूको सुनुवाई गरी समस्या समाधानका लागि आवश्यक पहल गर्ने ।

८.४ जिल्ला शिक्षा कार्यालय

क) प्रति विद्यार्थी एकाइ लागत अनुदान पाउने विद्यालयहरुको पहिचान गर्ने ।

ख) विद्यार्थीहरुको विवरण सङ्कलन गर्ने र विद्यार्थी सङ्ख्या एकिन गर्ने ।

ग) विद्यालय र विद्यार्थीको विवरण सहित शिक्षा विभागमा रकम माग गर्ने ।

घ) शिक्षा मन्त्रालय शिक्षा विभागवाट प्राप्त निर्देशनवमोजिम विद्यालयको वास्तविक विद्यार्थी सङ्ख्या एकिन गरी उक्त विद्यार्थी सङ्ख्याको आधारमा विद्यालयले पाउने अनुदान विद्यालयको खातामा निकाशा गर्ने र सो को विवरण जिल्ला शिक्षा समितिसमक्ष पेश गर्ने ।

ङ) विद्यालयबाट लिनुपर्ने तथ्याङ्क र अन्य विवरणहरु लिई रुजु गरेरमात्र विद्यालयमा रकम निकासा दिने ।

च) विद्यालयले पठाएको विवरण अनुसार विद्यार्थी सङ्ख्या वास्तविक भए नभएको र रकमको सही रुपमा प्रयोग भएनभएको अनुगमन गर्ने ।

छ) विद्यालयहरुबाट प्रगति प्रतिवेदन लिई क्षेत्रीय शिक्षा निर्देशनालय तथा विभागमा पठाउने ।

ज) प्रति विद्यार्थी एकाई लागत अनुदान वितरण गर्न दिएको निर्देशनका अधिनमा रहि अनुदान विद्यालयको खातामा निकाशा गरी सो को जानकारी ती निकायहरुमा पठाउने, सार्बजनिकीकरण गर्ने ।

८.५ विद्यालय र विद्यालय व्यवस्थापन समितिः

क) विद्यालयले भर्नुपर्ने शैक्षिक तथ्याङ्क (फ्ल्यास एक र दुई) दुवै नियमित रुपमा भरी जिल्ला शिक्षा कार्यालयमा पेश गर्ने ।

ख) विद्यालयमा लेखा परीक्षण (आर्थिक र सामाजिक) नियमित रुपले गराई सो प्रतिवेदन कार्यान्वयन गराउने । यस किसिमको प्रतिवेदन र सो को प्रगतिका बारेमा जिल्ला शिक्षा कार्यालयमा पेश गर्ने ।

ग) विद्यालय सेवा क्षेत्रमा रहेका तर विद्यालयमा भर्ना नभएका बालबालिकाको पहिचान गरी विद्यालयमा भर्ना गराउन घरधुरी सर्वेक्षण गरी विद्यालय बाहिर रहेका बालबालिका भर्ना गर्ने लक्ष्य किटान गरी विद्यालय सुधार योजना तयार गर्ने ।

घ) जेष्ठ ७ गतेभित्र विद्यालय भर्ना भएका बालबालिकाको विवरण तयार गरी जिल्ला शिक्षा कार्यालयमा पठाउने ।

ङ) विद्यालयमा भर्ना भएका बालबालिकाको नियमित उपस्थिति गराउनको लागि विभिन्न कार्यक्रमहरु तयार गर्ने । विद्यालयमा टिकाई राख्न र उत्कृष्ट सिकाई उपलब्धिका लागि योजनाबद्ध कार्यक्रम कार्यान्वयन गर्ने ।

च) कार्यक्रमको प्रगति विवरण तोकिएको फारामको ढाँचामा तयार गरी जिल्ला शिक्षा कार्यालयमा पठाउने ।

छ) शिक्षा नियमावलीमा व्यवस्था भएबमोजिम विद्यालयको सामाजिक परिक्षण र आर्थिक लेखा परिक्षण गराई सोको प्रतिवेदन जिल्ला शिक्षा कार्यालयमा पठाउने ।

ज) यस कार्यक्रम अन्तर्गत पूर्णकालिक वा आंशिक शिक्षक नियुक्ति गर्दा प्रचलित कानूनको परिधिभित्र रहने गरी आफ्नो विद्यालयको विनियममा व्यवस्था गरी जिल्ला शिक्षा समिति/जिल्ला शिक्षा कार्यालयबाट स्वीकृत गरी लागू गर्ने ।

झ) यस किसिमको अनुदानबाट पर्न गएका सकारात्मक प्रभावहरुको विश्लेषण गर्न लगाउने ।

परिच्छेद ६

विविध

९. निर्देशिकामा संशोधनः

९.१ शिक्षा मन्त्रालयले राष्ट्रिय योजना आयोग र अर्थमन्त्रालयको परामर्शमा यस निर्देशिकामा संशोधन गर्न सक्नेछ ।

९.२ शिक्षा ऐन तथा नियमावलीसँग बाझिएको हकमा शिक्षा ऐन तथा नियमावली बमोजिम नै हुनेछ ।

९.३ यस निर्देशिकामा भएका विषयमा थप स्पष्ट गर्नु परेमा शिक्षा मन्त्रालयबाट भएको व्याख्या नै अन्तिम हुनेछ ।

१०. खारेजी र बचाउः

१०.१ यस अघि शिक्षा मन्त्रालयबाट जारी भएको "**प्रति विद्यार्थी एकाइ लागत** (Per Capita Funding) **को आधारमा अनुदान व्यवस्थापन निर्देशिका, २०६४ (पहिलो संशोधन, २०६५)**" खारेजी गरिएको छ । उक्त निर्देशिका बमोजिम भए गरेका कार्यहरु यसै निर्देशिका बमोजिम भएको मानिनेछ ।